यस सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाकाको वैठक नं ८ मिति २०७४|११|०६ गते अध्यक्ष श्री रुद्र प्रसाद अधिकारीको अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्ताव उपर छलफल गरी तपशिल बमोजिम निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | रुद्र प्रसाद अधिकारी | सुनकोशी ८ | अध्यक्ष | |
| २ | दुर्गा कुमारी तामाङ | सुनकोशी २ | उपाध्यक्ष | |
| ३ | दिपहरी राई | सुनकोशी १ | वडाध्यक्ष | |
| ४ | खिलानाथ तामाङ | सुनकोशी २ | वडाध्यक्ष | |
| ५ | विष्णु कुमार खड्का | सुनकोशी ३ | वडाध्यक्ष | |
| ६ | कुमार बहादुर राई | सुनकोशी ४ | वडाध्यक्ष | |
| ७ | गोविन्दराम तामाङ | सुनकोशी ५ | वडाध्यक्ष | |
| ८ | विष्णू बहादुर आले मगर | सुनकोशी ६ | वडाध्यक्ष | |
| ९ | श्याम बहादुर कटवाल | सुनकोशी ७ | वडाध्यक्ष | |
| १० | गुणराज भट्टराई | सुनकोशी ८ | वडाध्यक्ष | |
| ११ | झनक कुमार कार्कि | सुनकोशी ९ | वडाध्यक्ष | |
| १२ | तुलाराम पराजुली | सुनकोशी १० | वडाध्यक्ष | |
| १ | रेवती रमण सुनुवार | सुनकोशी ९ | अल्पसंयक सदस्य | |
| १४ | लक्ष्मुमण कामी | सुनकोशी १ | दलित सदस्य | |
| १५ | सपना खत्री | सुनकोशी ७ | महिला सदस्य | |
| १६ | चन्द्रकला श्रेष्ठ | सुनकोशी १० | महिला सदस्य | |
| १७ | सितामाया थापा | सुनकोशी ३ | महिला सदस्य | |
| १८ | सुशिला श्रेष्ठ | सुनकोशी ८ | महिला सदस्य | |
| | मदन कुमार बजगाँई | प्रमुख प्रशासकिय अधिकृत/ सदस्य सचिव | | |

प्रस्तावहरु

२९. गाउँपालिकाले निशुल्क प्राप्त गर्ने जग्गा सम्बन्धमा ।

४६. योजनाको नाम परिवर्तन सम्बन्धमा ।

४७. न्यायिक समिति गठन सम्बन्धमा ।

४८. सुनकोशी गाउँपालिका विद्यालय स्तरीय परीक्षा व्यवस्थापन कार्यविधि २०७४

४९. सुनकोशी गाउँपालिका गाउँ शिक्षा समिति गठन सम्बन्धमा ।

५०. आयुर्वेद औषधालय स्थापना सम्बन्धमा ।

निर्णयहरु

४५. प्रस्ताव नं २९ उपर छलफल गर्दा यस गाउँपालिकाले यस गाउँपालिकाको मिति २०७४।०५।०४ को सुचना अनुसार यस गाउँपालिकालाई निःशुल्क जग्गा प्रदान गर्न प्राप्त भएका निवेदन दर्ता नं ८० को राजु तामाङको जग्गा को जग्गा यस गाउँपालिकाको नाममा दर्ता नामसारी गर्ने र कार्यको लागि यस गाउँपालिकाका अध्यक्ष श्री रुद्र प्रसाद अधिकारी तथा प्रमुख प्रशासकिय अधिकृत मदन कुमार बजगाँईलाई जिम्मा दिइयो । यदि सो जग्गा प्राप्त गर्ने कार्य १५ दिनमा पुरा नभएमा प्राविधिक समितिको प्राथमिकताको दोस्रो स्थानमा रहेको जग्गा प्राप्त गर्ने प्रकृया अगाडी बढाइने छ । र सो पनि प्राप्त हुन नसकेकमा प्राथमिकताका आधारमा क्रमश अरु जग्गाहरु प्राप्त गर्ने प्रकृया अगाडी बढाइने छ ।

४६. प्रस्ताव नं ४६ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नं २ को योजना नं १४ को साँखे दिप्सिङ आरुभन्ज्याङ सडक निर्माण योजनाको नाम नागपानीटार आरुभन्ज्याङ सडक निर्माण योजना कायम गरिएको छ भने वडा नं ६ योजना नं ११० को दामती मा वि फर्निचर निर्माण योजनाको नाम दामती मा वि निजी शिक्षक तलब अनुदान र योजना नं १११ को पाटनदेवी आधारभूत विद्यालय फर्निचर निर्माण योजनाको नाम पाटनदेवी आधारभूत विद्यालय निजी श्रोत शिक्षक तलब अनुदान कायम गरिएको छ ।

४७. प्रस्ताव नं ४७ उपर छलफल गर्दा यस गाउँपालिकाको न्यायिक समित गठन गर्न तपशिल बमोजिमको पदाधिकारीहरुको नाम गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

संयोजकः दुर्गा कुमारी तामाङ

सदस्यः तुलाराम पराजुली

सदस्यः पंचीमाया तामाङ

४८. प्रस्ताव नं ४८ उपर छलफल गर्दा सुनकोशी गाउँपालिका विद्यालय परीक्षा व्यवस्थापन कार्यविधि, २०७४ स्वीकृत गरिएको छ ।

४९. प्रस्ताव नं ४९ उपर छलफल गर्दा शिक्षा ऐन २०२८ को दफा ११ट बमोजिम गठन हुने सुनकोशी गाउँपालिका शिक्षा समितिमा गाउँ पालिकाको तर्फबाट तपशिल बमोजिमका सदस्यहरुलाई सदस्यको रुपमा मनोतित गर्ने तथा यस गाउँ पालिका अन्तरगतका विद्यालयका प्रधानाध्यापकहरुको मनोनयन शिक्षा समितिले स्वयं गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

श्री झनक कुमार कार्की

श्री डुविन्द्रदेवी कटवाल

५०. सुनकोशि गाउँ पालिका वडा नं ९ कोष भन्ज्याङगमा आयुर्वेदिक औषधालय स्थापना गरी संचालन गर्ने र त्यसको लागि आवश्यक सहयोग र समन्वयको लागि सम्बन्धित निकाय समक्ष पहल गर्ने निर्णय गरियो ।